# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १, संख्याः २१, मितिः २०८१/०१/२४

## भाग -२

लेकम गाउँपालिकाको कृषि तथा पशुपक्षी अनुदान सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

**प्रस्तावना:** लेकम गाउँपालिकाद्वारा कृषि तथा पशुपालन गर्ने कृषकका लागि सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई अनुदानका रूपमा रकम उपलब्ध गराउन लेकम गाउँपालिकाको बजेटमा उल्लेख भएका कार्यक्रमहरूलाई पारदर्शी, दिगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकोले लेकम गाउँपालिकाले **कृषि तथा पशुपक्षी अनुदान सम्बन्धी कार्यविधि,** २०८० बनाई कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्राम्भ :** (१) यस कार्यविधिको नाम लेकम गाउँपालिकाको "कृषि तथा पशुपक्षी अनुदानसम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि लेकम गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कृषक" भन्नाले लेकम गाउँपालिकाभित्र कृषि तथा पशुपक्षी पालन तथा विक्रीवितरण समेत गर्ने व्यवसायी/व्यक्ति सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले लेकम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपक्षी विकास मन्त्रालय सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले दफा ८ बमोजिमको भुक्तानी समिति सम्झनुपर्दछ।

## परिच्छेद - २
## अनुदानसम्बन्धी व्यवस्था

३. **अनुदान रकम निर्धारण गर्ने :**

(१) लेकम गाउँपालिकाले प्रत्येक वर्ष कृषि तथा पशुपक्षी शीर्षकमा अनुदान रकम निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान रकमको निर्धारण कृषि तथा पशुपक्षी न्यूनतम समर्थन मूल्य, कृषि, पशुको आन्तरिक उत्पादन, उत्पादनको लागत तथा अन्तर्राष्ट्रिय बजार समेतको आधारमा गरिने छ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि लेकम गाउँपालिकाले कृषि तथा पशुपक्षी उत्पादनको न्यूनतम समर्थन मूल्यमा परिवर्तन नगरेसम्मको लागि सम्वत् २०८० श्रावण १ गतेदेखि लागु हुने गरी कृषि अनुदान रकम आवश्यकता अनुसार न्यूनतम रु. दस हजार देखि अधिकतम रु. बिस लाख रुपियाँ कायम गरिएको छ ।

**४. कृषक समूह दर्ता हुनुपर्ने :**

(१) कृषि तथा पशुपक्षीको फर्मलाई अनुदान प्राप्त गर्न कृषकहरूले आफ्नो स्थानीय तहमा दर्ता हुन रीतपूर्वकको आवेदन दिनुपर्ने छ र सोही अनुरूप स्थानीय तहले दर्ता गर्नु पर्नेछ ।

(२) प्रत्येक वर्षको भाद्र मसान्तभित्र सम्बन्धित कृषक समूह/सहकारीले पशुपक्षी पालन गर्ने र कृषकहरूको अन्तिम लागत अनुसूची (१) बमोजिमको ढाँचा बमोजिम प्रकाशन गरी लेकम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि तथा पशुसेवा शाखामा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

(३) आगामी आर्थिक वर्ष २०८०/०८१ देखि कृर्षकहरूलाई लेकम गाउँपालिकाले प्रदान गर्ने प्रयोजनको लागि अनुसूची (१) अनुसारको कृषकहरूको लागतलाई आधार मानिने छ ।

**५. कृषकको विवरण उपलब्ध गराउनु पर्ने :**

(१) कृर्षि तथा पशुसेवा शाखाले प्रत्येक सिजनमा कृषकबाट खरिद तथा उत्पादन गरेको कृषि तथा पशुपक्षीको परिमाण र कृषकको नाम, थर, वतन र निजको बैङ्क खाता समेत अद्यावधिक गर्नु पर्नेछ ।

(१.क) आर्थिक वर्ष २०८०/०८१ को उत्पादन सिजनदेखि उपदफा (१) को अतिरिक्त कृषि तथा पशु शाखा मार्फत गाउँपालिकाले प्रकाशन गरेको अनुसूची १ अनुसारको लगतमा उल्लिखित कृषकको दर्ता नम्बर समेत कायम गरी अद्यावधिक गर्नु पर्नेछ ।

(१.ख) अर्थिक वर्ष २०८०/०८१ सम्मको कृषि अनुदान वितरणका लागि शाखाले उपदफा (१) को अतिरिक्त आफूले कृषि तथा पशुपक्षीजन्य सामग्री खरिद गरेका नेपाली कृषकहरूको पहिचान खुल्ने देहाय बमोजिमका कागजातसमेत अद्यावधिक गर्नु पर्नेछ ।

(क) कृषि तथा पशुपक्षी उत्पादन र विक्री परिमाणको विवरणसहित उत्पादक कृषकको जग्गाको क्षेत्रफल अनुसारको जग्गाधनी प्रमाणपत्र वमोजिमको कित्ता नम्बर खुलेको कागजात वा जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि समावेश गर्ने वा

(ख) खण्ड (क) अनुसार प्राप्त गर्न नसकेको खण्डमा जग्गा करारमा लिई कृषि गरेका र पशुपक्षी पालन गरेका कृषकहरूको हकमा खेती गरिएको जग्गाको क्षेत्रफल र कित्ता नं. खुलेको करार सम्झौताको कागजातको प्रतिलिपि समावेश गर्ने वा

(ग) खण्ड (क) र (ख) वमोजिम कागजात प्राप्त गर्न नसकेको खण्डमा सम्वन्धित कृषकले खेती गरेको जग्गाको क्षेत्रफल, जग्गाको कित्ता नम्वर वा चारकिल्ला र उत्पादन परिमाण खुलाई सिफारिस गरेको पत्रसहित त्यस्ता कृषकको छुट्टै लगत राख्ने ।

(२) शाखाले उपदफा (१), (१ क) र (१ ख) बमोजिमको विवरण समितिलाई चार/चार महिनामा अद्यावधिक गरी उपलब्ध गराउनु पर्नेछ ।

**६. अनुदान रकम कार्यालय मार्फत वितरण गर्ने :**

(१) दफा ५ बमोजिम शाखाले उपलब्ध गराएको विवरणका आधारमा समितिको निर्णयानुसार कार्यालयले सम्बन्धित कृषक-समूह-व्यवसायीको बैङ्क खातामा भुक्तानी गर्ने गरी अनुदान रकम उपलब्ध गराउनेछ ।

२) उपदफा (१) बमोजिम उपलब्ध गराएको रकमबाट कृषकलाई पहिलो भुक्तानी गर्ने गरी कार्यालयले सम्बन्धित कृषकको बैङ्क खातामा अनुदान रकम जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम बैङ्क खातामा जम्मा गरिएको र बाँकी रकमको विवरण वार्षिक रूपमा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७. बजेटमा समावेश गर्ने :**

(१) कृषकलाई उपलब्ध गराउने अनुदानको रकम आवश्यकता अनुसार प्रत्येक वर्ष बजेटमा समावेश गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम गाउँपालिकाले कृषि तथा पशुपक्षी पालन गर्ने सम्बन्धित कृषक, व्यवसायी तथा कृषि तथा पशुपक्षी पालन गर्ने सम्बद्ध निकाय वा व्यक्तिबाट स्थानीय तहमा माग गरी पठाउनेछ ।

(३) यस दफा ७ को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान बापतको रकम बजेटमा समावेश नभएमा वा नपुग हुन आएमा त्यस्तो रकम लेकम गाउँपालिकाले उपलब्ध गराउनेछ ।

**८. जिम्मेवारी दिन सक्ने:** गाउँपालिकाले मातहतका निकायलाई जिम्मेवारी दिई यस कार्यविधि अनुसार कार्यहरू कार्यान्वयन गराउन सक्नेछ ।

**९. भुक्तानी समिति :**

(१) कृषि तथा पशुपालन सञ्चालन भएका स्थानमा कृषकलाई अनुदान रकम भुक्तानी गर्न देहायको समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) लेखा प्रमुख – सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा संचालन भएका मिलको उत्पादन क्षमता, उत्पादन विवरण लगायतका अन्य विवरण संकलन गर्ने।

(ख) प्राप्त विवरणको आधारमा कृषकको विवरण अद्यावधिक गरी कृषकलाई अनुदान प्रदान गर्ने।

(ग) गाउँपालिकामा उपलब्ध गराएको कृषकको विवरण, भुक्तानीको रकम र बैङ्क खाता लगायतका विवरण अद्यावधिक गरी गाउँपालिकामा उपलब्ध गराउने ।

(घ) स्थानीय तहले कृषकलाई भुक्तानी गरेको रकमको विवरण र कार्यालयमा प्राप्त भएको अनुदान रकमको भिडान गरी नियमित अनुगमन गर्ने ।

(ङ) प्रत्येक वर्ष उत्पादन हुने कृषि तथा पशुपक्षीको परिमाण र कृषकले गरेको उत्पादनको विवरण अद्यावधिक गरी गाउँपालिकामा उपलब्ध गराउने ।

९. **सिफारिस गरिएको कृषि तथा पशुपक्षी पालनमा मात्र अनुदान दिइने** : यस कार्यविधिमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि लेकम गाउँपालिका वा लेकम गाउँपालिको स्वामित्व भएको संस्थाले सिफारिस गरेका जातका कृषि उत्पादन गरी विक्री गर्ने कृषकलाई मात्र लेकम गाउँपालिकाले यस कार्यविधि बमोजिमको अनुदान दिनेछ ।

## परिच्छेद - ३
## विविध

१०. **आवश्यक व्यवस्था गर्न सक्ने** : यस कार्यबिधिमा लेखिएको देखि बाहेकका अन्य विषय वा प्रसङ्गले अर्थ राख्ने विषयहरूमा लेकम गाउँपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

११. **यसै कार्यविधि बमोजिम भएको मानिने** : संघीयता लागु भइसकेपछि यस कार्यविधिसँग सम्बन्धित कामकारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

लेकम गाउँपालिका

## अनुसुची– १

### दफा ४. क को उपदफा (२) सँग सम्बन्धित

लेकम गाउँपालिकाको कार्यालय व्यावसायिक कृषि र पशुपालन गर्ने कृषकहरूको लागत आ.व. ..............

१. आफ्नो जग्गामा खेती गर्ने (कित्ता नम्बर खुलेको कृषकहरूको नामावली)

| दर्ता नम्बर | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२. जग्गा करारमा लिई खेती गर्नेको नामावली

| दर्ता नम्बर | खेती गरेको वडा | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३.आफ्नो जग्गा नभएको र जग्गा करारमा नलिई खेती गर्ने कृषकहरूको नामावली

| दर्ता नम्बर | खेती गरेको जग्गा कि.नं. | क्षेत्रफल | क्षेत्रफल कित्ता नं. नखुल्ने जग्गाको हकमा चारकिल्ला प्रमाणित | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत